कृष्णनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कृष्णनगर, कपिलवस्तु

लुम्बिनी,प्रदेश, नेपाल

पत्र संख्या : २०७९/८०
चलानी नम्बर : 2022

फोन नं. : ०७६-५२०१४७
फ्याक्स नं. : ०७६-५२०६८४

मितिः२०८०/०२/०८

## विषयः भ्रामक समाचार खण्डन गरिएको ।

प्रस्तुत विषयमा लुम्बिनी दर्पण साप्ताहिक पत्रिका , बाणगंगा नगरपालिका, कपिलवस्तुको मितिः २०७९ पुष महिनाको १७ देखि २४को अंकमा कृष्णनगर नगरका लेखा अधिकृत पाण्डेको हैकमले सेवा ग्राही आजित भन्ने शिर्षकको समाचारको आनलाईन कट प्रिन्ट प्राप्त हुन आएकोले सो सम्बन्धमा कृष्णनगर नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । कृष्णनगर नगरपालिकाको कार्यालय कृष्णनगरमा कार्यरत लेखा अधिकृत मनिश पाण्डे तथा अन्य कर्मचारीहरुलाई समेत विभिन्न आक्षेप लगाई प्रकाशित समाचारमा कुनै सत्यता नरहेको हुदाँ उक्त समाचारको कृष्णनगर नगर कार्यपालिका खण्डन गर्दछ । उक्त समाचारमा लेखा अधिकृतले योजनामा व्यक्तिगत लाभ खोज्ने तथा अनावश्यक झन्झट दिने गरेको, सार्वजनिक विदाको दिन लेखा अधिकृत, प्रमुख प्रशासकीय अधिकृत लगायतका कर्मचारीले सवारी साधनको दुरुपयोग गरेको, जिन्सी खरिद, तेल कुपन र प्रशासनिक खर्चमा भ्रष्टाचार गरेको जस्ता आरोपहरु लगाईएको छ । ति सबै आरोपहरु निराधार, झुठो र भ्रमपूर्ण रहेको हुदाँ त्यस्तो खालको सूचना प्रकासन तथा प्रशासरण नगर्न नगराउन तथा पत्रकार आचार संहिताको पालना गर्दै सत्य तथ्य र निस्पक्ष समाचार प्रकाशन तथा प्रसारण गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

२०८०।२।८

हरिपाल चतुर्वेदी
प्रवक्ता